UNHCR
The UN Refugee Agency

International Organization for Migration

WFP World Food Programme

# प्रेस वक्तव्य

अन्तर्राष्ट्रिय आप्रवास सङ्गठन (आइओएम), शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय निकाय (यूएनएचसीआर) तथा संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) मे २१, २००८ बुधवारका दिन मोरङ्ग जिल्लास्थित शनिश्चरे शरणार्थी शिविर नजीकै आइओएमको बसमाथि गरिएको आक्रमणको कडा निन्दा गर्दछन् । आइओएमको बसमाथि आक्रमण गरिएको यो दोस्रो पटक हो । पहिलो आक्रमण मे ५, २००८ मा खुदुनाबारी शरणार्थी शिविर नजीकै गरिएको थियो जसमा आइओएमका चालक र दुई जना शरणार्थी घाइते भएका थिए ।

अन्तर्राष्ट्रिय समुदायप्रति गरिएका आक्रमणका यस्ता घटनाहरूप्रति यूएनएचसीआर, आइओएम तथा डब्लूएफपी गहिरो चिन्ता प्रकट गर्दछन । हामी सम्बन्धित सबै पक्षहरूलाई तत्काल यस्ता हिंसा बन्द गर्न आव्हान गर्दछौ । यसैगरी सुरक्षा अवस्था थप कमजोर हुदैं गए शिविरहरूमा शरणार्थीहरूलाई उपलब्ध गराउने हाम्रो मानवीय सहायताको क्षमतामा नकारात्मक प्रभाव पर्न सक्ने कुरामा एजेन्सीहरू जोड दिन चाहन्छन ।

समाप्त